# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## महाभारत गाउँपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## महाभारत गाउँपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

महाभारत गाउँपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष पालिकाको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन निर्माण र न्याय सम्पादन, बजेट अनुशासन, आन्तरिक आय, वर्षान्तको खर्च, स्वीकृत कर्मचारी दरबन्दी र पदपूर्ति, सेवा प्रवाह, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन प्रणाली, सहकारी संस्थाहरुको नियमन र व्यवस्थापन, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरका अलवा पालिकाले गरेको चालु तथा पूँजीगत खर्चसँग सम्बन्धित उल्लेख्य विषयहरु समावेश गरी सो उपर राय सहितको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**(तोयम राया)**

**२०८१, जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमति प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ११८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

महाभारत गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,

काभ्रेपलान्चोक ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६५ लाख ३२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ६५ लाख ३२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई शुन्य बेरुजु रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु. ९२ लाख ४० हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षणबाट रु.५६ हजार थप भई हालसम्मको अद्यावधिक बेरुजू रु.९२ लाख ९६ हजार रहेको छ । **यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

महाभारत गाउँपालिका,

काभ्रेपलाञ्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४२ | ३५ | ६५३२ | ० | ३५ | ६५३२ | ४२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलान्चोक | ४०९०० | ० | ३१६६० | ९२४० | ५६ | ० | ९२९६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | ३६ | रकम दाखिला गरेको प्रमाण पेश गरेको | १०,००,००० |
| २ | २०७९।८० | ४२ | रकम दाखिला गरेको प्रमाण पेश गरेको | ४८,९५,८६९ |
| ३ | २०७९।८० | ४३ | रकम दाखिला गरेको प्रमाण पेश गरेको | ३४,००० |
| ४ | २०७९।८० | ४४ | रकम दाखिला गरेको प्रमाण पेश गरेको | १,७६,४८६ |
| ५ | २०७९।८० | ४५ | जिन्सी दाखिला प्रमाण पेस भएको | २२,९७० |
| ६ | २०७९।८० | ४६ | रकम दाखिला गरेको प्रमाण पेश गरेको | ४,००० |
| ७ | | ४७ | पेश्की फस्यौंट गरेको | ३,९८,४२४ |
| | **चालु वर्षको जम्मा** | | | **६५,३१,७४९** |
| | **गत विगत वर्षतर्फको** | | | |
| ८ | २०७८।७९ | ३६ | रकम दाखिला गरेको प्रमाण पेश गरेको | १,००० |
| ९ | २०७७।७८ | १४ | अनुदान फिर्ता गरेको प्रमाण पेश गरेको | ३,०३,००,४०२ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७७।७८ | ३७ | अनुदान फिर्ता गरेको प्रमाण पेश गरेको | १३,५८,९३७ |
| | २०७६।७७ | - | - | - |
| | ०७५।७६ | - | - | - |
| | ०७४।७५ | - | - | - |
| | गत विगतको जम्मा | | | ३,१६,५९,३३९ |
| | कुल जम्मा | | | ३,८१,९१,०८८ |

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालयको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उमाकुण्ड गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्वरपारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा सभा सदस्य, १८६ वर्ग किलोमिटर क्षेत्रफल तथा १६,१४७ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षणको सीमा** - यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्ययको स्रेस्ता परीक्षण मिति २०८०।०९।२५ देखी ०९।२८ सम्म ३ कार्य दिनको अवधिमा स्वीकृत लेखापरीक्षण योजना अनुसार आर्थिक कारोबारको छनौटका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ साथै यस क्रममा पेश भएका विल, भरपाई, नापी किताब लगायतका स्रेस्ता एवं कागजातको जोड जम्मा र शुद्धताको हकमा आन्तरिक लेखापरीक्षण, सम्बन्धित लेखा उत्तरदायी अधिकृत र लेखा प्रमुखबाट प्रमाणित व्यहोरा समेतलाई आधार मानिएको छ । त्यसैगरी लेखापरीक्षणको क्रममा वित्तीय पक्षका अलावा गाउँपालिकाको व्यवस्थापकीय, न्यायिक र अन्य विषयगत विषयहरुको परीक्षण गरी संरचनागत, प्रणालीगत र नीतिगत सुधारका पक्षहरु विशेष जोड दिईएको छ ।

२ **एकीकृत आर्थिक विवरण -** महाभारत गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को एकिकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | गत वर्षको जिम्मेवारी | | १. | चालु | ३५१७०२०३४ |
| | बैंक मौज्दात | २८७१४९९६९ | २. | पूँजीगत | २६२१७९०३८ |
| | धरौटी मौज्दात | ६६८८९२३ | ३. | धरौटी फिर्ता | ९८८६१२ |
| २. | यस वर्षको धरौटी आम्दानी | ४०५९९९१ | ४. | अन्य खर्च | |
| ३. | आन्तरिक राजश्व आम्दानी | | | स्थानीय तह पूर्वाधार विकास कार्यक्रम भवन निर्माण | ४९२४३४७ |
| | आन्तरिक राजश्व | २९८९९३१ | | | |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | १२६६६२५२ | | स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ११६९३१९३ |
| | राजश्व बाँडफाँड संघीय सरकार | ७२०८१७३० | | सामाजिक सुरक्षा | ५५०६१३०० |
| | अन्य आय | ३३६२८४६ | ५. | मौज्दात | |
| ४. | संघीय सरकारबाट प्राप्त अनुदान | | | बैंक मौज्दात | १६५४४३१५६ |
| | वित्तीय समानिकरण अनुदान | ८४०८२५०० | | धरौटी मौज्दात | ९७६०३०२ |
| | सशर्त अनुदान | १९९१५५००० | | | |
| | समपुरक अनुदान | १६०००००० | | | |
| | विशेष अनुदान | २५०००००० | | | |
| ५. | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | | |
| | वित्तीय समानिकरण अनुदान | ७८२७००० | | | |
| | सशर्त अनुदान | ३६५०९००० | | | |
| | समपुरक अनुदान | २५०००००० | | | |
| | विशेष अनुदान | ७५००००० | | | |
| ६. | विषयगत निकायबाट प्राप्त रकम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय तह पूर्वाधार विकास कार्यक्रम भवन निर्माण | ४९२४३४७ | | | |
| | सामाजिक सुरक्षा | ५५०६१३०० | | | |
| | स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ११६९३१९३ | | | |
| | **जम्मा** | ८६१७५१९८२ | | **जम्मा** | ८६१७५१९८२ |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

३ **आर्थिक विवरणको विश्लेषण -** गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० को वित्तीय विवरण विश्लेषण गर्दा देहायको व्यहोरा देखियो ।

• गाउँपालिकाको वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा कुल प्राप्ति रु.५१ करोड ७७ लाख १३ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा कुल प्राप्ति रु.४१ करोड ७५ लाख ५१ हजार रहेको देखिन्छ । म.ले.प.फा.नं. २७२ मा म.ले.प.फा.नं. २७५ मा भन्दा कुल प्राप्ति रु.१० करोड १ लाख ६२ हजार बढी देखिन्छ ।

• गाउँपालिकाको कुल खर्च वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा रु.४३ करोड ६४ लाख ५९ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा रु.४३ करोड ६४ हजार रहेको देखिन्छ । गाउँपालिकाको कुल खर्च म.ले.प.फा.नं. २७२ मा म.ले.प.फा.नं. २७५ मा भन्दा रु. ६३ लाख ९५ हजार बढी रहेको देखिन्छ ।

• गाउँपालिकाको यस आर्थिक वर्षको बैंकमा मौज्दात वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा रु. १७ करोड ८६ लाख २८ हजार रहेको देखिन्छ भने श्रेष्ता अनुसार रु. ४२ करोड ४ लाख १४ हजार रहेको देखिन्छ ।

• गाउँपालिकाको यस आर्थिक वर्षको खातामा मौज्दात वित्तीय विवरण म.ले.प.फा.नं. २७२ मा रु. ४२ करोड ४ लाख १४ हजार रहेको देखिन्छ भने वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७५ मा रु.३४ करोड ५१ लाख ५५ हजार रहेको देखिन्छ । जुन वित्तीय विवरणमा वित्तीय प्रतिवेदन भन्दा रु.७ करोड ५२ लाख ५९ हजार बढी रहेको देखिन्छ ।

• गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ मा बैंक मौज्दात म.ले.प.फा.नं. २७२ मा रु. ६ करोड ८२ लाख २४ हजार रहेकोमा यस आर्थिक वर्ष २०७९।८० गत वर्षको मौज्दात अल्या गर्दा रु.३५ करोड

८४ लाख ९ हजार रहेको देखिन्छ । जुन गत वर्षको मौज्दात सारेको यस वर्षको भन्दा रु. २९ करोड १ लाख ८५ हजार कम रहेको देखिन्छ ।

• म.ले.प.फा.नं. २७२ र म.ले.प.फा.नं. २७५ को विवरण फरक देखिनुको कारण आ.व. २०७८।७९ मा सुत्र पूर्ण रुपमा कार्यान्वयनमा नआएकोले असर गरेको भन्ने कार्यालयको भनाइ छ ।

यसर्थ गाउँपालिकाले वित्तीय प्रतिवेदन र वित्तीय विवरणमा देखिएको फरकले पार्न सक्ने दिर्घकालिन असर बारे ध्यान दिदै यथार्थ र विश्वसनिय वित्तीय विवरण तयार गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४ **बैंक हिसाब मिलान -** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाको यस आर्थिक वर्षको बैंक हिसाब मिलानको अवस्था देहाय बमोजिम रहेको छ ।

| **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|
| चालु खर्च खाता | ० | ० | ० |
| पूँजीगत खर्च खाता | ० | ० | ० |
| धरौटी | १०५०६६०५.५२ | ९७६०३०२ | ७४६३०३।५२ |
| संचित कोष | ३३९७४९३९०.९ | १६५४४३१५६ | १७४३०६२३४ |
| **जम्मा** | **३५०२५५९९६** | **१७५२०३४५८** | **१७४३०६२३४** |

उपरोक्त विवरण अनुसार गाउँपालिकाको श्रेष्ता अनुसार बाँकी रु.३५०२५५९९६ र बैंक स्टेटमेण्ट अनुसार रु. १७५२०३४५८ बाँकी रहेको देखियो ।उक्त विवरण अनुसार गाउँपालिकाको श्रेस्तामा भन्दा बैंकमा रु. १७४३०६२३४ कम देखियो । विगत वर्ष देखि नै म.ले.प. फा.नं. २७२ को जोड जम्मा विग्रदै आएकोले हिसाब फरक देखिएको गाउँपालिकाको भनाई रहेको छ । आगामी वर्षको बजेटमा हिसाब मिलान गरी यथार्थ वित्तीय विवरण तयार गर्नुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

• स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरेको ।

• गाउँपालिका सहकारी ऐनको व्यवस्था अनुसार सहकारी संस्थाहरुको अनुगमन र नियमन नगरेको ।

• सार्वजनिक निर्माण कार्यमा गाउँपालिकाले स्वीकृत जिल्ला दररेट प्रयोग गर्ने गरेकोमा उपभोक्ता समितिले प्रयोग गर्ने डोजरको हकमा भने स्वीकृत जिल्ला दररेटमा १५ प्रतिशत थप गरी भुक्तानी गरेको ।

• शिक्षक दरबन्दी मिलान र विद्यमलय समायोजनको तर्फ ठोस कार्य प्रगति नदेखिएको ।

• प्रदेश सरकारको समपूरक बजेट खर्च गर्दा अख्तियारीमा तोकेको शर्त बमोजिम वचत रकम फिर्ता नगरी पूनः प्रयोग गरेको ।

• गाउँपालिकाले विगतमा रु.१ करोड १५ लाखमा खरिद गरेको स्काभेटर हाल संचालनमा नरहेको ।

• दैनिक भ्रमण, ईन्धन र मर्मत् खर्च थप मितव्ययीता अपनाउनु पर्ने देखिएको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको।

• भवन संहिता पालना नगरेको ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँकार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९।०३।१० गते रु. ५४ करोड ८५ लाख २५ हजार को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९/०४/०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

७ **बजेट विनियोजन** - आर्थिक वर्ष २०७९।८० को गाउँपालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

**(रु. हजारमा)**

| **कुल बजेट रु.** | **चालु बजेट रु.** | **प्रतिशत** | **पूँजीगत बजेट रु.** | **प्रतिशत** |
|---|---|---|---|---|
| ५४,८५,२५ | ३२,४५,२४ | ५९.१६ | २६,५५,८९ | ४८.४१ |

उक्त विवरण अनुसार गाउँपालिकाको यस आर्थिक वर्षमा कुल रु. ५४ करोड ८५ लाख २५ हजार बजेट विनियोजन गरेकोमा चालु तर्फ ५९.१६ प्रतिशत र पूँजीगत तर्फ ४८.४१ प्रतिशत बजेट विनियोजन भएको छ ।

८ **बजेट तथा पूँजीगत खर्च -** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट रु.** | **पूँजीगत खर्च रु.** | **बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९।८० | २६,५५,८९ | १९,८५,४२ | ७४.७६ |

गाउँपालिकाले यस वर्ष पूँजीगत तर्फ रु. २६ करोड ५५ लाख ८९ हजार विनियोजन गरेकोमा रु.१९ करोड ८५ लाख ४२ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ७४.७६ प्रतिशत हुन आउँछ ।

९ **बजेट तथा चालु खर्च -** गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| **क्र.स.** | **आर्थिक वर्ष** | **बजेट रु.** | **चालु खर्च रु.** | **बजेटको तुलनामा चालु खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३२,४५,२४ | २४,३६,७२ | ७५.०८ |

गाउँपालिकाले यस वर्ष चालु तर्फ रु.३२ करोड ४५ लाख २४ हजार विनियोजन गरेकोमा रु. २४ करोड ३६ लाख ७२ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ७५.०८ प्रतिशत हुन आउँछ ।

१० **खर्च र आन्तरिक आयको विश्लेषण -** गाउँपालिकाको यस आर्थिक वर्षको खर्च र आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.स.** | **आर्थिक वर्ष** | **गाउँपालिकाको जम्मा खर्च रु.** | **आन्तरिक आय रु.** | **खर्च र आन्तरिक आयको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०७९।८० | ४३,००,६४,४९१ | १३,७८,९६२ | ०.३२ |

गाउँपालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.४३ करोड ६४ हजार रहेको छ, भनेराजश्व संकलन रु.१३ लाख ७९ हजार गरेको छ । गाउँपालिकाको आन्तरिक आय कुल खर्चको ०.३२ प्रतिशत हुन आउँछ । अतः गाउँपालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

११ **मौज्दात रकम -** गाउँपालिकाले यस वर्ष चालु तथा पूँजीगत कार्यका लागि रु.४४ करोड २२ लाख १४ हजार खर्च गरेको छ भने गाउँपालिकाको बैंक खातामा रु.१६ करोड ५४ लाख ४३ हजार मौज्दात बाँकी

रहेको छ । उक्त रकम उपभोग नभई मौज्दात सर्दै गईरहेको अवस्थाले गाउँपालिकाको लक्षित उद्देश्य पूरा गर्न कठिन हुने देखिएकाले सो रकमको उपयोग गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१२ **अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्बन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।गाउँपालिकाले यस वर्ष संघीय र प्रदेश सरकारबाट प्राप्त गरेको अनुदान खर्च र फिर्ता गरेको व्यहोरा देहाय बमोजिम छ।

**(रु. हजारमा)**

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | १९९१५५ | १६२४१० | ३६७४५ |
| | विषेश | २५००० | २३९४४ | १०५६ |
| | समपुरक | १६००० | १२००० | ४००० |
| प्रदेश सरकार | सशर्त | ३६५०९ | ३०७९२ | ५७१७ |
| | विशेष | ७५०० | ६११४ | १३८६ |
| | समपुरक | २५००० | २१७३८ | ३२६२ |
| **जम्मा** | | **३०९१६४** | **२५६९९८** | **५२१६६** |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु.२४ करोड १ लाख ५५ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु. १९ करोड ८३ लाख ५४ खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु. ४ करोड १८ लाख ०१ हजार आर्थिक वर्ष २०८०।८१ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु. ६ करोड ९० लाख ९ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा ५ करोड ८६ लाख ४४ हजार बजेट खर्च भइ बाँकी रु. १ करोड ३ लाख ६५ हजार आर्थिक वर्ष २०८०।८१ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

१३ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । गाउँपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । **(रु. हजारमा)**

| **मुख्य क्षेत्र** | **वार्षिक पूँजीगत बजेट रु.** | **खर्च रकम रु.** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | १९,८५,४२ | ७,८८,१८ | ३९.६९ |
| खानेपानी तथा सरसफाई | | १,१४,६३ | १.२५ |
| भवन निर्माण | | ८,३२,६२ | ४२ |
| सम्पदा पूर्वाधार | | ३१,१४ | १.५६ |

गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षको पूँजीगत खर्च रु. १९ करोड ८५ लाख ४२ हजार रहेकोमा सडक निर्माण तथा मर्मतमा ३९.६९ प्रतिशत, खानेपानी तथा सरसफाईमा १.२५ प्रतिशत, भवन, आवास तथा सहरी विकासमा ४२ प्रतिशत र सम्पदा पूर्वाधारमा १.५६ प्रतिशत बजेट खर्च रहेको देखिन्छ ।

१४ **सडक निर्माण -** गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

| **क्र.स** | **योजनाकोनाम** | **ईकाई** | **२०७८/७९ सम्मको स्थिति** | **२०७९।८० मा थप** | **कुल जम्मा** |
|---|---|---|---|---|---|
| १. | सडक पिच | कि.मि. | ० | ० | ० |
| २. | ग्रावेल | कि. मि. | ३.५ | ०.९९ | ४.४९ |
| ३. | नयाँट्र्याक | कि.मि. | २७२.४ | ३१.३८७ | ३०३.७८७ |
| **जम्मा** | | | **२७५.९** | **३२.३७७** | **३०८.२७७** |

गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा ०.९९ किलोमिटर ग्रावेल र ३१.३८७ किलोमिटर नयाँ ट्र्याक खोल्ने गरेको देखिन्छ । पालकामा कुल बजेटको ३९.६९ प्रतिशत विनियोजन गरेता पनि सडक निर्माण कार्यमा उल्लेख्य प्रगति भएको देखिएन ।

१५ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची -२ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च (रु.हजारमा)** | | | | **आषाढ महिनाको मात्र खर्च** |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथम त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | |
| १ | संघीय पूँजीगत | ४१५०१ | २४०८ | १५५७० | २९०९ | २०६१४ | १७८६३ |
| २ | प्रदेश पूँजीगत | ५२९७७ | ० | १०६८ | १४०३५ | ३७७५० | १९४०८ |
| ३ | गाउँपालिका पूँजीगत | १०४०६४ | ६८० | ६९३५ | ३४८९६ | ६१५५३ | ४०९५८ |
| **कूल खर्च** | | **१९८५४२** | **३०८८** | **२३५७३** | ५१८४० | ११९९१७ | **७८२२९** |
| **खर्च प्रतिशत** | | **१००** | **१.५** | **१२** | **२६.१** | **६०.४०** | **३९.४०** |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिकमा पूँजीगत खर्चको ४९.९३ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र ३७.३३ खर्च भएको देखिन्छ । त्यसैले चौथो चौमासिक र असार महिनामा बढी खर्च गर्ने कार्यमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्दछ ।नियमावलीमा त्रैमासिक पूँजीगत खर्च प्रगति तयार गर्नुपर्नेमा सुत्रमा भने त्रैमासिक विवरण तयार हुने गरेको देखिन्छ ।

१६ **योजना छनौट र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | २ | १११८५४.१७ |
| २ | रु.१ लाख देखि रु.३ लाख सम्मका योजना | १०९ | २१५५०५७७.५३ |
| ३ | रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना | ३१ | १२१२३२५८.०५ |
| ४ | रु.५ लाखदेखि माथि रु.१० लाख सम्मका योजना | ३३ | २०१५४१५०.०५ |
| ५ | रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना | ६ | ८३५४९९८.५४ |
| ६ | रु.२५ लाख भन्दा माथीका योजना | १७ | १७९७३५३८३.९ |
| **जम्मा** | | **१९८** | **२४१०३०२२२.३** |

गाउँपालिकाले बजेट विनियोजन गर्दा ठुलार प्राथमिकता प्राप्त योजना छनौटमा ध्यान दिई लक्षित उद्देश्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१७ **निर्माण कार्य व्यवस्थापन -** गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

**(रु. हजारमा)**

| **योजना संख्या** | **ठेक्का मार्फत** | | **उपभोक्ता समिति मार्फत** | |
|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| १९८ | ८ | १५,१७,१६ | १९० | ८,७८,१४ |

यस आर्थिक वर्षमा गाउँपालिकाले सञ्चालन गरेका कुल १९८ योजनामा मध्ये ठेक्का मार्फत ८ वटा योजनामा रु. १५ करोड १७ लाख १६ हजारमा ठेक्का सम्झौता गरेको देखिन्छ भने उपभोक्ता समिति मार्फत १९० योजनामा रु. ८ करोड ७८ लाख १४ हजारमा योजना संचालन गरेको देखिन्छ । अर्थात १९८ योजनामा

भएको खर्च मध्ये ६६.३३ प्रतिशत ठेक्का प्रक्रिया र ३६.६७ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ ।

१८ **ठेक्का बन्दोवस्त -** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता (रु. हजारमा) | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ८ | १५१७१५ | ० | ० | ६ | ४०६७० | २ | १११०४५ | ६ | ३९१४९ |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रु.१५ करोड १७ लाख १५ हजार लागतको८ ठेक्का वन्दोवस्त गरेकोमा दोश्रो चौमासिकमा रु.४ करोड ६ लाख ७० हजारको ठेक्का र तेश्रो चौमासिकमा रु.११ करोड १० लाख ४५ हजारको ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्त सम्ममा रु. ४ करोड ६ लाख ७० हजार बराबरको ठेक्का मात्र सम्पन्न भएको अवस्था छ ।

१९ **ठेक्का प्रतिस्पर्धा -** गाउँपालिकामा यस आर्थिक वर्षमा भएका ठेक्का मध्ये केहीको प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

| क्रस | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान(भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | Construction and Upgrading of Rancha Goltar Gogane Dhap Road | २ | ८६२७७७४.१९ | ८३३६९४८.०१ | ३.३७ | Mhabar Construction Pvt. Ltd.Mahabharat-1, Kavre |
| २ | Construction of Soktel Toke Road | ७ | ८६४०८५१.३७ | ६३४७१९८.८० | २६.५४ | Diyal Construction and Suppliers PVT.LTD, Bhaktapur |
| ३ | Construction and Upgrading of Chautara Sunaulo Pra Bi Sarbasinge danda Gogane Road | ६ | ८६२७८०७.८६ | ५३८२६३१.५० | ३७.६१ | S.N.Construction, Chagunarayan-1, Bhaktapur |
| ४ | Construction and Upgrading of Chotesahan Dhap Gokule Road | ५ | ८६२७८०७.२३ | ५४१८०९८.५० | ३७.२० | Om Durgeshwori Mahadev Nirman Sewa, Bhaktapur |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | Construction and Upgrading Solabhanjyang Thuteaap Khorbhanjyang Sigdel Dovan Road | ६ | ८६३२१३४.९० | ४५२९५९१.२५ | ४७.५३ | Yakub Kunwar Construction, Dhulikhel-4, Kavre |
| ६ | Construction of Alloghari Bedgaira Baseri Water Supply Project | ४ | ७५७८४९२.५३ | ५७४४६२२.७० | २४.२० | Shreejana Construction, Mahabharat-2, Kavre |
| ७ | Construction and Upgrading work of Tinkhutte Sardung Budhakhani Road | ३ | ८०३९९८७९.१३ | ६७८८८८१२.१० | १५.५६ | brother / S.n jv |
| ८ | Construction Work of Kabrakholsi Halide Water Supply Project | ३ | ३०३६९४७०.५० | २९८३०९४४.९० | १.७७ | DS Nirman Sewa, Kavre |
| ९ | औषधी खरिद | ४ | ४६१९६०४.०४ | ४५४५६२५ | २ | मेडिगोल्ड इन्टरनेश्नल प्रा. लि. |

उपर्युक्त विवरण अनुसार गाउँपालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी Construction and Upgrading Solabhanjyang Thuteaap Khorbhanjyang Sigdel Dovan Road योजनामा लागत अनुमानको तुलनामा ४७.५३ प्रतिशत घटीमा रहेको छ भने Construction Work of Kabrakholsi Halide Water Supply Projectकार्यमा लागत अनुमानको तुलनामा १.७७ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ ।

२० **परामर्श सेवा खरिद -** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु. १० लाख ३६ हजार ३६० भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| **क.स.** | **कामको विवरण** | **परामर्शदाताको नाम** | **लागत अनुमान रु.** | **सम्झौता रकम रु.** | **घटी प्रतिशत** | **खरिद विधि** |
|---|---|---|---|---|---|---|
| १ | कोल्टार घमाइलो पाखा सेपाइलो पाखा रागभभन्ज्याङ खानेपानी डिपिआर | बि एण्ड एस सिभिल क्रियसन एण्ड सर्भिसेज प्रा.लि | ४९५९८७.३७ | ४९१५५० | -०.८९ | कोटेशन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | कोखाजोर खोला आँपटार गोगने लिफ्टिङ सिँचाई डिपिआर | एम आर इन्जिनियरिङ सोलुसन प्रा.लि | ३००,०००.०० | २९९६०० | -०.१३ | कोटेशन |
| ३ | छोइ खोर्तिङ्ग गुम्बा भलडाँडा डिपिआर | माउन्ट थट्स प्रा.लि | २४६८७४.१२ | २४५२१० | -०.६७ | कोटेशन |
| **जम्मा** | | | **१०,४२,८६१.४९** | **१०,३६,३६०.००** | **-०.५६** | |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष विभिन्न कार्यको लागि सोझै खरिद विधिबाट ३ वटा सेवा खरिदका लागि जम्मा रु. १० लाख ४२ हजार को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु. १० लाख ३६ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औषतमा ०.५६ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ ।

२१ **मन्दिर गुम्बा र चर्च निर्माण -** गाउँपालिका भित्र रहेका मन्दिर, गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | धार्मिक स्थलको प्रकार | आर्थिक वर्ष २०७८।७९ सम्म | २०७९।८० मा थप संख्या | जम्मा संख्या | गाउँपालिकाको अनुदान रकम |
|---|---|---|---|---|---|
| १. | मन्दिर | १३ | ६ | १९ | १२,५०,००० |
| २. | गुम्बा | ३१ | ६ | ३७ | ९५,००,००० |
| ३. | चर्च | ३ | ३ | ६ | १२,००,००० |
| **जम्माः** | | **४७** | **१५** | **६२** | **१,१९,५०,०००** |

उपरोक्त विवरण अनुसार गाउँपालिका भित्र आर्थिक वर्ष २०७९।८० सम्म मन्दिर १९, गुम्बा ३७ र चर्च ६ गरी जम्मा ६२ वटा रहेका छन, भने यस वर्ष मन्दिर, गुम्बा र चर्चलाई रु.१ करोड १९ लाख ५० हजार अनुदान दिएको देखिन्छ ।

२२ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ३ | २ | ५ | १ | ४ |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

२३ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने व्यवस्था अनुसार गाउँपालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ४ |
| २. | नियमावली | २ |
| ३. | कार्यविधि तथा निर्देशिका | २३ |
| | **जम्मा** | **२९** |

गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० सम्म ४ ऐन, २ नियमावली र २३ कार्यविधि तथा निर्देशिका गरी जम्मा २९ वटा कानुन निर्माण गरेको छ ।

२४ **सेवाप्रवाहको स्थिति -** गाउँपालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्न विषयमा ७०३ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ४८४ |
| मृत्यु दर्ता | ७० |
| बसाईसराई दर्ता | २६ |
| विवाह दर्ता | १२३ |
| **जम्मा** | **७०३** |

२५ **दरबन्दी र पदपूर्ती -** गाउँपालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

| क्र.स. | स्वीकृत पद | सख्या | पदपूर्ती | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | आठौं/नवौं तह | २ | २ | ० | २ |
| २ | सातौ तह | ४ | १ | ० | ३ |
| ३ | छैठौं तह | १ | १ | ० | १ |
| ४ | पाँचौं तह | १८ | ६ | ० | १२ |
| ५ | चौथौ तह | १८ | ४ | ६ | ८ |
| ६ | कार्यालय सहयोगी | | | ३ | ० |
| ७ | सवारी चालक | | | ४ | |
| **जम्मा** | | **४३** | **१४** | **१३** | **२६** |

गाउँपालिकाले पेश गरेको विवरण अनुसार विभिन्न पदमा स्वीकृत दरबन्दी संख्या ४३ रहेकोमा १४ पद स्थायी र १३ पद करारमा गरी २७ पदपूर्ती गरेको देखिन्छ भने २६ पदहरु रिक्त रहेको देखिन्छ । गाउँपालिकामा रिक्त रहेका पदहरु तथा करारमा नियुक्त गरेका पदहरु मध्ये लोक सेवा आयोगबाट स्थायी पदपूर्ती हुने पदहरुमा तोकिए बमोजिम पदपूर्ती गरी गुणस्तरिय सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२६ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी -** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी २९ जना स्थायी कर्मचारीलाई रु.१,८५,६७,२३६ तलब भुक्तानी गरेको छ भने लेखापरीक्षण अवधिसम्म पनि आर्थिक वर्ष २०८०/८१ को लागि समेत तोकिए बमोजिम तलबी प्रतिवेदन पारित गरेको छैन । अतः उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

२७ **कर संकलन -** स्थानीय सरकार संचालन ऐन**,** २०७४ को दफा **५५**, **५७**, **५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । गाउँपालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| आन्तरिक आय | ५७,००,००० | १३,७८,९६२ | २४ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष अनुमानको तुलनामा २४ प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ ।

२८ **सहकारी तर्फ -**

२८.१ **सहकारी संस्थाको विवरण -** गाउँपालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **सदस्य संख्या** | **शेयर पूँजी रु.** |
|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ७ | २३४ | १२०००० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ३ | ९४ | २०००० |
| कृषि सहकारी संस्था लि. | २६ | ७७७ | ४५०००० |
| **जम्माः** | **३६** | **११०५** | **५९००००** |

गाउँपालिका भित्र आर्थिक वर्ष २०७९।८० सम्म जम्मा ३६ वटा सहकारी संस्था संचालनमा रहेका छन् । ३६ वटा सहकारी संस्थामा ११०५ जना शेयर सदस्या रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु. ५९० हजार रहेको छ ।

२८.२ **सहकारी संस्थाको अनुगमन -** गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको गाउँपालिकाले अनुगमन नियमन गर्न आवश्यक कानून तर्जुमा गरी कार्यान्वायनमा ल्याएको छैन । त्यसैले सहकारीका सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था गरी संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

२९ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३(१) अनुसार गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि स्थानीय दररेट तोक्नु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

२९.१ उक्त निर्णयका आधारमा उपभोक्ता समितिबाट डोजर प्रयोग भएका ८७ योजनामा डोजर वापत मूल्य अभिवृद्धि कर सहित रु.३ करोड २६ लाख ६३ हजार ०५४ भुक्तानी भएकोमा १५ प्रतिशत दररेट थप गरेका कारण गाउँपालिकालाई मूल्य अभिवृद्धि कर सहित रु.४२ लाख ६० हजार ३९८ थप व्ययभार परेको छ ।

२९.२ गाउँपालिकाले आफ्नो छुट्टै दररेट नतोकेको कारण स्वीकृत जिल्ला दररेटलाई नै प्रयोगमा ल्याएको छ । तर उपभोक्ता समितिबाट डोजर प्रयोग भएको हकमा भने २०७९/४/७ को कार्यगाउँपालिकाको निर्णय बमोजिम ऐनको दफा १३(१) अनुसार स्वीकृत जिल्ला दररेटमा १५ प्रतिशत बढाई दररेट कायम गरी लागत अनुमान तयार गर्ने निर्णय गरेको छ ।

२९.३ यस सम्बन्धमा बजारमा ईन्धनको निरन्तर मूल्य वृद्धि भईरहेको अवस्थामा समेत डोजर प्रयोगको जिल्ला दररेट आ.ब. २०७७/७८ देखि नै समान रहेका कारण उपभोक्ता समितिबाट निर्माण कार्य गराउन कठिनाई भएको र उक्त दर सडक विभागको स्वीकृत विभागीय दर भन्दा कम समेत भएका कारण कार्यगाउँपालिकाको निर्णयानुसार स्वीकृत जिल्ला दररेटमा १५ प्रतिशत थप गर्नु परेको गाउँपालिकाको भनाई छ ।

२९.४ प्रस्तुत सन्दर्भमा गाउँपालिकाले दररेट थप गर्ने निर्णयका क्रममा निर्माण व्यवसायीबाट हुने कार्यका लागि स्वीकृत दररेट अनुसार नै लागत अनुमान तयार गरिरहेको अवस्था, अन्य छिमेकी गाउँपालिकाले अवलम्वन गरेको अभ्यास, गाउँपालिका भित्रको भूगोल र दूरी तथा विगत ३ वर्ष देखि जिल्ला दररेट समान रहनुको

कारण समेतको पहिचान गरेको देखिएन । त्यसैले गाउँपालिकाले स्थानीय सरकार संचालन ऐनको दफा १३(१) अनुसार दररेट स्वीकृत गर्दा उल्लेखित विषयहरुमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

३० **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती -** आर्थिक वर्ष २०७९।०८० मा गाउँपालिका भित्रका ४९ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| **विद्यालयको किसिम** | **दरबन्दी संख्या** | **स्थायी पदपूर्ती** | **पदपूर्ती मध्ये राहत** | **पदपूर्ती मध्ये करार** | **रिक्त दरबन्दी** |
|---|---|---|---|---|---|
| सामुदायिक | १९६ | ८८ | ६४ | ४२ | २ |

उक्त विवरण अनुसार गाउँपालिकामा जम्मा १९६ दरबन्दी रहेकोमा ८८ जना स्थायी पदपूर्ती ६४ जना राहतर ४२ करारमा नियुक्त गरी जम्मा १९४ पदपूर्ती गरेको देखिन्छ भने लेखापरीक्षणको समय सम्म २ पद रिक्त रहेका छन । गाउँपालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३१ **विद्यालय र विद्यार्थी संख्या -** गाउँपालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसारदेखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| **क्र.सं.** | **विद्यालयको किसिम** | **विद्यालय संख्या** | **विद्यार्थी संख्या** |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ५१ | ४,९८३ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाको जम्मा विद्यार्थी संख्या ४,९८३ जना रहेकोमा १०० प्रतिशत सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

३२ **प्रति विद्यार्थी लागत -** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **बजेट विवरण** | **बजेट रकम रु.** | **खर्च रकम रु.** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १६६००५००० | १४३८५० | ४९८३ | २९००० |

उपरोक्त विवरण अनुसार गाउँपालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.२९००० रहेको छ।

३३ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन -** गाउँपालिकाको औषत शिक्षक विद्यार्थी अनुपात१:२६ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई

विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

३४ **शिक्षक विद्यार्थी अनुपात -** संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० माकेही विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| **क्र.स.** | **विद्यालयको नाम** | **शिक्षक संख्या** | **विद्यार्थी संख्या** | **शिक्षक विद्यार्थी अनुपात** |
|---|---|---|---|---|
| १. | भैरव मा वि, महाभारत १ | १० | ४०२ | १:४० |
| २. | गोकुले मा वि, महाभारत १ | १३ | ४५२ | १:३५ |
| ३. | कालिदेवी मा वि, महाभारत २ | ८ | २९१ | १:३६ |
| ४. | जनकल्याण मा वि, महाभारत ८ | १४ | ४३३ | १:३१ |
| ५. | ग्रामोन्नती मा वि महाभारत ५ | ११ | ४६५ | १:४२ |
| ६. | सिद्देश्वर मा वि, महाभारत ३ | १० | १९५ | १:२० |
| ७. | ज्योति मा वि, महाभारत ७ | ८ | २३२ | १:२९ |
| ८. | अम्बिश्वरी प्रा वि, महाभारत ८ | २ | २८ | १:१४ |
| ९. | बाल कल्याण प्रा वि, महाभारत२ | २ | ३० | १:१५ |
| १०. | बालउज्वल प्रा वि, महाभारत २ | २ | ३१ | १:१६ |
| ११. | बनकालि प्रा वि, महाभारत ३ | १ | २१ | १:२१ |
| १२. | बुद्ध प्रा वि, महाभारत ३ | ३ | २३ | १:८ |
| १३. | जनकल्याण प्रा वि, महाभारत ३ | २ | २६ | १:१३ |
| १४. | जनउन्नती प्रा वि, महाभारत ३ | ३ | २३ | १:८ |
| १५. | शान्तिदीप प्रा वि, महाभारत ८ | १ | १० | १:१० |

गाउँपालिकाले पेश गरेको विवरण अनुसार ४८ विद्यालयमा १९६ शिक्षक दरबन्दी भएकोमा ४९८३ विद्यार्थी संख्या रहेको छ । गाउँपालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२३ जना रहेको देखिन्छ ।

३५ **शैक्षिक गुणस्तर -** गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षाको देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा उत्तिण विद्यार्थी संख्या |
|---|---|---|
| १ | ३.६१ - ४.०० | ० |
| २ | ३.२१ - ३.६० | २ |
| ३ | ३.२१ भन्दा कम | २६८ |
| **जम्मा** | | **२७०** |

उल्लेखित तालिका अनुसार २०७९ सालको एस.ई.ई. परीक्षामा जम्मा २७० जना सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी सहभागी भएकोमा ३.६१-४.०० जिपिए ल्याउने विद्यार्थी शुन्य छन, ३.२१-३.६० जिपिए ल्याई उत्तिण हुने विद्यार्थी २ जना छन् भने ३.२१ भन्दा कम ल्याई उत्तिण हुने विद्यार्थी २६८ जना रहेका छन् । जसअनुसार सामुदायिक विद्यालयमा अध्ययन गरी उच्च जिपिए ल्याउने विद्यार्थीको संख्या न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

३६ **पढ्दै कमाउँदै कार्यक्रम -**

***✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर संघिय सञ्चितको दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१४ को निर्णयबाट रु.१०,००,००० सम्परीक्षण गरिएको ।)***

३७ **लम्पी स्किन -** गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार पशु चौपायामा फैलिएको लम्पी स्किन रोगले देहायका पशु चौपायामा क्षती पुर्याएको देखिन्छ ।

| गाउँपालिका भित्रका पशु चौपायाको संख्या | रोगबाट प्रभावित चौपायाको संख्या | मृत्यू भएका चौपायाको संख्या | औषधी उपचारमा भएको खर्च रु. |
|---|---|---|---|
| १६८८७ | ९८४ | ७६ | ५०००० |

उपरोक्त विवरण अनुसार गाउँपालिकामा यस आर्थिक वर्षमा १६८८७ वटा पशु चौपाया रहेकोमा लम्पी स्किन रोगबाट ९८४ वटा पशुचौपाया संक्रमित भएको देखिन्छ भने संक्रमित मध्ये ७६ पशु चौपायाको मृत्यू भएको देखिन्छ । गाउँपालिकाले लम्पी स्किन रोग नियन्त्रण गर्नु औषधी उपचार गर्न रु. ५० हजार खर्च गरेको देखिन्छ ।

३८ **स्वास्थ्य तर्फ -** गाउँपालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये करार | सेवाग्राहीको संख्या | दीर्घ रोगी समेत औषधी वितरण रु. |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य केन्द्र/चौकी/ गाउँपालिका | ५ | ३३ | १२ | २१ | २०४७८ नयाँ तथा दाहरिएर अएका सेवागांही | ४६००८१३ |
| सामुदायिक स्वास्थ्य ईकाइ | ७ | २१ | ० | २० | | |
| **जम्मा** | **११** | **५४** | **१२** | **४१** | | |

उक्त विवरण अनुसार गाउँपालिकामा जम्मा ५ स्वास्थ्य केन्द्र/चौकी र ७ सामुदायिक स्वास्थ्य ईकाइमा कुल ५४ दरबन्दी रहेकोमा हाल १२ स्थायी र ४१ करारबाट पूर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

३९ **अनुदान व्यवस्थापन -** गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र.स. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | कृषि तर्फ | १९ | ८८00000 |
| २ | पशु तर्फ | १८ | ६३00000 |
| **जम्मा** | | ३७ | **१५१00000** |

उपरोक्त विवरण अनुसार कृषि तर्फका १९ कार्यक्रममा ८८ लाख र पशु तर्फका १८ कार्यक्रममा ६३ लाख गरी जम्मा ३७ कार्यक्रममा १ करोड ५१ लाख वितरण गरेको छ । अनुदान वितरण गर्दा संघीय र प्रदेश सरकारसंग दोहोरो नपर्ने तथा कार्यक्रम संचालनको दिगोपना सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४० **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीप्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमासुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमारहेको छ । यस कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका८वडाहरुमा३४ वटा योजनामा बाटो खन्ने,बाटो सोलिङ्ग, कुलो खन्ने लगायतका कार्यक्रम सञ्चालनगरी यस वर्ष११५जनालाई रोजगारी उपलव्धगराई रु.५१,०५,९२० खर्च गरेको छ ।

४१ **सामाजिक सुरक्षा -** आर्थिक वर्ष २०७९।८० मा गाउँपालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | गाउँपालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | १६,१४७ | १,३९० | ८.६४ | १,४१,४०,०७३ |

उपरोक्त विवरण अनुसार गाउँपालिकामा २०७८ सालको जनगणना अनुसार लाभग्राहीको संख्या गाउँपालिकाको कुल जनसंख्याको ८.६४प्रतिशत रहेको छ । गाउँपालिकाले सामाजिक सुरक्षाको लाभग्राहीको लगत अद्यावधिक, हिसाब मिलान तथा अनुगमन निरीक्षणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

४२ **प्रदेश सरकार समपुरक अनुदान तर्फ -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रदेश सरकार सञ्चितकोष दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।११।१५ को निर्णयबाट रु.४८,९५,८६९ सम्परीक्षण गरिएको ।)***

४३ **प्रविधि हस्तान्तरण -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर संघीय सञ्चितकोष दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.३४,००० सम्परीक्षण गरिएको ।)***

४४ **अग्रिम आयकर -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर संघीय सञ्चितकोष दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१४ को निर्णयबाट रु.१,७६,४८६ सम्परीक्षण गरिएको ।)***

४५ **प्रमाण पेश नभएको —**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर जिन्सी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१५ को निर्णयबाट रु.२२,९७० सम्परीक्षण गरिएको ।)***

४६ **बहाल कर -**

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२४ को निर्णयबाट रु.४,००० सम्परीक्षण गरिएको ।)***

४७ **पेश्की बाँकी -** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलव्ध गराएको म्याद ननाघेको पेश्की रु.१,९५,२०,००० आर्थिक वर्षको अन्त्यसम्म पनि पछ्र्यौट नभई बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

| भौ.नं./मिति | पेश्की लिनेको विवरण | पेश्कीको विवरण | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|
| २८/२०८०/०३/११ | ब्रदर्श।एस.एन.-जेभी | तीनखुट्टे सरदुङ्ग बुढाखानी सडक | ० | ६७८०००० | ६७८०००० |
| २९/२०८०/३/१८ | डि.एस. निर्माण सेवा | काभ्रखोल्सी हलिदे खानेपानी | ० | २९८०००० | २९८०००० |
| १६/२०८०/३/२२ | ब्रदर्श।एस.एन.-जेभी | तीनखुट्टे सरदुङ्ग बुढाखानी सडक(यस आ व को संघ समपूरक गापातर्फ) | ० | ५५६०००० | ५५६०००० |
| ३५/२०८०/३/२२ | ब्रदर्श।एस.एन.-जेभी | तीनखुट्टे सरदुङ्ग बुढाखानी सडक | | १२२०००० | १२२०००० |
| ३७/२०८०/३/२४ | डि.एस. निर्माण सेवा | काभ्रखोल्सी हलिदे खानेपानी | ० | २९८०००० | २९८०००० |
| **जम्मा** | | | **०** | १९५२०००० | १९५२०००० |

***........... (प्रारम्भिक प्रतिवेदन उपर रन्जित लुंगेली को रु.१,५०,०००, प्रेमलाल मोक्तानको रु. ३५,००० र सञ्जमान लो को रु. १,१३,४२४ समेत रु. २,९८,४२४ को मिति २०८०।११।२४ को निर्णयबाट तथा सौगात राना मगरको रु. १,००,००० मिति २०८१।१।२५ को निर्णयबाट गरी कुल जम्मा रु. ३,९८,४२४ को पेश्की फस्योंट गरेको प्रमाण पेश भएको आधारमा सम्परीक्षण गरिएको ।)***

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक , महाभारत गाउँपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि सिंह विष्ट | २०७८-९-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शान्ता भट्टराई | २०७८-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३८,००० | ० | ६,०९५,३२५ | ० | ० | ३९८,४२४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६,५३१,७४९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६,५३१,७४९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २९३८३८८९२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२४२३७५०० | चालु खर्च | ३५१७०२०३४ |
| प्रदेश सरकारबाट अनुदान | ७६८३६००० | पूँजीगत खर्च | २६२१७९०३८ |
| राजश्व बाँडफाँट | ८४७४७९८२ | वित्तीय/अन्य व्यवस्था | ७२६६७४५२ |
| आन्तरिक आय | २९८९९३१.० | | |
| अन्य आय | ७९१०१६७७ | | |
| कुल आय | ५६७९१३०९० | कुल खर्च | ६८६५४८५२४ |
| बाँकी मौज्दात | | १७५२०३४५८ | |